कारोबार
karobardaily.com
सोमबार, ७ पुस २०८२
MONDAY, 22 DECEMBER 2025

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

प्रधान कार्यालय: कमलादी, काठमाडौं, फोन: ०१-५९७०३३३

संचालक निर्वाचन कार्यक्रमको सूचना

मिति २०८२ पौष १८ गते शुक्रबार हुने यस बैंकको बत्तीसौं वार्षिक साधारण सभामा यस बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्ने १ (एक) जना संचालक निर्वाचनको प्रयोजनका लागि नेपाल एसबिआई बैंक लिमिटेड (संचालक निर्वाचन) कार्यविधि निर्देशिका अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	कार्यक्रम	मिति	समय	स्थान
१.	मतदाता नामावली प्रकाशन	२०८२ पौष ८ गते	बिहान ११:३० बजे	निर्वाचन अधिकृतको कार्यालय, बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं।
२.	मतदाता नामावली उपर दाबी विरोध	२०८२ पौष ८ गते	दिनको ३:०० बजेसम्म	
३.	अन्तिम मतदाता नामावली प्रकाशन	२०८२ पौष ८ गते	दिनको ४:३० बजे	
४.	उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने	२०८२ पौष ९ गते	बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म	
५.	उम्मेदवारको प्रथम नामावली प्रकाशन	२०८२ पौष ९ गते	बिहान ११:३० बजे	
६.	उम्मेदवारी उपर दाबी विरोध	२०८२ पौष ९ गते	बिहान ११:३० बजेदेखि दिउसो १:०० बजेसम्म	
७.	उम्मेदवारी फिर्ता लिने	२०८२ पौष ११ गते	दिनको २:०० बजेसम्म	
८.	उम्मेदवारको अन्तिम नामावली प्रकाशन	२०८२ पौष ११ गते	दिनको २:३० बजे	
९.	मतदान	२०८२ पौष १८ गते	सोही दिन साधारण सभामा जानकारी गराईने	साधारण सभा स्थल, त्रिभुवन आर्मी अफिसर्स क्लब भद्रकाली, काठमाडौं।
१०.	मतगणना	२०८२ पौष १८ गते	मतदान पछि	
११.	निर्वाचन परिणामको घोषणा	२०८२ पौष १८ गते	मतगणना पछि	

द्रष्टव्य:

१. आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सभा शुरु हुनुभन्दा १२० घण्टा अगावै अर्थात् मिति २०८२/०९/१३ गते बिहान ११ बजे भित्र प्रोक्सी फारम दर्ता गराईसक्नु पर्नेछ।
२. नियुक्त भईसकेको प्रोक्सीको अख्तियारी रद्द गर्न वा सो लाई रद्द गरी अर्कोलाई दिन चाहेमा नियुक्ति वा रद्द गरिएको सूचना सभाको लागि तोकिएको समय भन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात् मिति २०८२/०९/१५ गते बिहान ११ बजे भित्र दिइसक्नु पर्नेछ।
३. मिति २०८२ पौष १८ का दिन मतदान हुनेछ। सो मतदानको समय सोही दिन साधारण सभामा जानकारी गराईनेछ।
४. मतगणनाको कार्य सबै मतपेटिका प्राप्त भए पश्चात सुरु गरिनेछ।
५. मतगणनाको कार्य समाप्त भए पश्चात निर्वाचनको परिणाम घोषणा गरिनेछ।

(निर्वाचन कार्यक्रम सम्बन्धी सूचना मिति २०८२/०९/०७ गते, सोमबार बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौंस्थित निर्वाचन अधिकृतको सूचना पाटीमा टाँस गरिएको तथा उक्त निर्वाचन कार्यक्रम बैंकको वेभसाइट https://nsbl.statebank मा समेत प्रकाशित गरीएको बेहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ। साथै, निर्वाचन कार्यक्रमसँग सम्बन्धित अन्य सूचना तथा जानकारी बैंकको वेभसाइटमा प्रकाशित गरी निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा टाँस गरिने बेहोरा समेत जानकारी गराईन्छ।)

बैंकको छाप:

बासुदेव रिजाल
अधिवक्ता
(निर्वाचन अधिकृत)